# मुख्य न्यायाधिवक्ताको

# वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०७५/०७६)




**मुख्य न्यायाधिवक्ताको कार्यालय**

**प्रदेश नं. ५, बुटवल**




मा. प्रदेश प्रमुखको उपस्थितिमा मुख्य न्यायाधिस नहकुल सुवेदीले
वरिष्ठ अधिवक्ता ठाकुर प्रसाद डि.सी.लाई मुख्य न्यायाधिवक्ताको सपथ खुवाउँदै



सपथ ग्रहण पश्चातको सामुहिक तस्वीर

माननीय प्रदेश प्रमुख श्री उमाकान्त झा ज्यू

समक्ष

मुख्य न्यायाधिवक्ता

श्री ठाकुर प्रसाद डि.सि. ले

पेश गरेको

आर्थिक वर्ष २०७५/०७६ को

# वार्षिक प्रतिवेदन

मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश नं. ५, बुटवल

# मुख्य न्यायाधिवक्ताको

# वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०७५/०७६)


| | | |
|---|---|---|
| प्रकाशक संख्या | : | १०० प्रति |
| प्रकाशित मिति | : | २०७६/०५/२० |
| सम्पादन | : | उप-न्यायाधिवक्ता ऋषिकेशव बश्याल<br>शाखा अधिकृत प्रकाश ज्ञवाली<br>सह. प्रा. टेकराज अर्याल (मानविकी संकाय, बुटवल बहुमुखी क्याम्पस) |
| सहयोग | : | क.अ. यज्ञमूर्ति न्यौपाने |
| प्रकाशक | : | मूख्य न्यायाधिवक्ताको कार्यालय<br>प्रदेश नं. ५, बुटवल |
| फोन | : | ०७१-५५१६१६, ५९०१०७ |
| वेभ साइट | : | www.ca.p5.gov.np |
| लेआउट सेटिङ्ग | : | पारस वर्मा/९८४७२६६७६८ |
| मुद्रण | : | आइडिया डिजाइनर्स एण्ड अफसेट प्रेस<br>बुटवल उप-महानगरपालिका-६, पुरानो बसपार्क<br>फोन नं.: ०७१-५५०२९३, ९८५७०३५३८० |



**ठाकुर प्रसाद डि.सी.**

मुख्य न्यायाधिवक्ता



**ऋषिकेशव बश्याल**

उप–न्यायाधिवक्ता

प्रदेश सरकार
प्रदेश नं. ५
# मूख्य न्यायाधिवक्ताको कार्यालय
बुटवल, नेपाल

माननीय प्रदेश प्रमुख ज्यू
प्रदेश प्रमुखको कार्यालय,
प्रदेश नं. ५, बुटवल ।

**विषयः आ.व. ०७५/७६ को वार्षिक प्रतिवेदन पेस गरिएको ।**

नेपाली जनताको लामो कष्टपूर्ण संघर्ष र बलिदानबाट प्राप्त संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ को संवैधानिक व्यवस्था अनुसार पहिलो पटक प्रदेश नं. ५ को मुख्य न्यायाधिवक्ताको पदिय जिम्मेवारीबाट यो वार्षिक प्रतिवेदन पेस गर्न पाउँदा गौरवको अनुभूती गरेको छु । नयाँ संविधान अनुसार राज्यशक्तिको बाँडफाँड गरिएअनुसार तिन तहका सरकारहरुको गठन भई संविधानको पूर्ण कार्यान्वयन भएको छ र लामो राजनैतिक संक्रमणको अन्त्य भएको छ । जनमानसले सरल भाषामा बुझ्ने संघीयता भनेको संविधानले व्यवस्था गरेको प्रदेश सरकारको प्रावधान नै हो ।

नेपालको संविधानको धारा १६० मा प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने संवैधानिक व्यवस्था छ । सोही व्यवस्था बमोजिम मुख्यन्यायाधिवक्ताको नियुक्ति मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने, मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार हुने र निजले संवैधानिक तथा कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकी दिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु निजको कर्तव्य हुनेछ । मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानुन बमोजिम हुने भन्ने संवैधानिक प्रावधान बमोजिम प्रदेश नं. ५को प्रदेश सभाबाट "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५" निर्माण भई लागु भइसकेको छ । उक्त ऐनको दफा ११ मा मुख्य न्यायाधिवक्ताले मुख्य न्यायाधिवक्ताको कार्यालय र मातहतका अन्य न्यायाधिवक्ताको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्ने र सो प्रतिवेदनको एकप्रति महान्यायाधिवक्तालाई समेत उपलब्ध गराउनु पर्ने भन्ने समेतको व्यवस्था रहेको छ । सोही ऐनको सोही दफा बमोजिम यस्तो प्रतिवेदनमा अन्य कुराका अतिरिक्त आफ्नो र आफ्नो मातहतका कार्यालयको भौतिक स्थिति कार्य बोझ काम कारवाहीको वास्तविक स्थिति तथा सिफारिस र सुझावहरु समेत उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ । उल्लेखित कानुनी व्यवस्था बमोजिम आर्थिक वर्ष २०७५।७६ को वार्षिक प्रतिवेदन तयार गरि माननिय प्रदेश प्रमुख ज्यू समक्ष पेस गरेको छु। यस प्रदेश नं. ५ मा मुख्य न्यायाधिवक्ताको कार्यालयको स्थापना मिति २०७५।१२।२ मा भएता पनि तत्काल **"मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका**

☎ ०७१-५५१६१६ website: www.ca.p5.gov.np e-mail: ca.province5@gmail.com

प्रदेश सरकार
प्रदेश नं. ५
# मूख्य न्यायाधिवक्ताको कार्यालय
बुटवल, नेपाल

अन्य शर्त सम्बन्धी ऐन" २०७५।४।२८ मा मात्र जारी भएकाले आ.ब.२०७५।०७६ को मात्र वार्षिक प्रतिवेदन पेसगरिएको छ। २०७४।१२।२ मा कार्यालय स्थापना भएतापनि कार्यालयको दरबन्दी तेरिज बमोजिम कर्मचारी व्यवस्थापन नभएको, कार्यालय संचालनका लागि भौतिक व्यवस्थापन नभएको, कार्यालयको आफ्नो छुट्टै आर्थिक लेखा संचालन नभएको आदि विविध कारणले २०७४ चैत्र देखि आषाढ मसान्त सम्मको वार्षिक प्रतिवेदन उल्लेख गर्न योग्य कुनै गतिविधि नभएको हुँदा आ.ब. २०७५।०७६ को वार्षिक प्रतिवेदनमा उक्त ४ महिनाको कुनै गतिविधि समेटिएको छैन । मुख्य न्यायाधिवक्ता कार्यालयको मातहतमा हाल कुनै न्यायाधिवक्ताको कार्यालयहरु नरहेको र जिल्ला सरकारी वकिल कार्यालय तथा उच्च सरकारी वकिल कार्यालयहरु समेत महान्यायाधिवक्ताको कार्यालय मातहत रहेकाले सोही बमोजिम यस कार्यालयको मात्रै काम कारवाहीको विवरण प्रस्तुत वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको व्यहोरा निवेदन गर्दछु ।

प्रदेशमा कानुनी शासनको प्रत्याभूति गर्न गराउन नेपालको संविधान तथा प्रचलित अन्य कानुनको प्रयोगमा सहजीकरण गर्न, फौजदारी न्याय प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने महत्त्वपूर्ण जिम्मेवारी मुख्य न्यायाधिवक्ता कार्यालयमा रहेको छ । कार्यालयबाट सम्पादन गरिने सम्पूर्ण कार्यहरु चुस्तदुरुस्त, पारदर्शी र कानुन सम्मत हुन जरुरी हुँदा मुख्य न्यायाधिवक्ता कार्यालयमा कार्यरत कर्मचारीहरुको व्यवसायिक दक्षता, ज्ञान र सीपको विकास गर्न सकिए मात्र मुख्य न्यायाधिवक्ताको कार्यालयले स्वतन्त्र, निष्पक्ष र प्रभावकारी रुपमा कार्य सम्पादन गर्न सक्ने अवस्था हुन्छ ।

विधिको शासन, मानव अधिकार, स्वतन्त्र न्यायापालिका, कानुन र न्यायका मान्य सिद्धान्तप्रति दृढ र अटल आस्था राख्दै प्रदेश सरकारले सम्पादन गर्ने महत्त्वपूर्ण कार्यहरुको कानुनी प्रतिरक्षाका लागि मुख्य न्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयहरु सदैव दृढतापूर्वक क्रियाशील रहने व्यहोरा माननीय प्रदेश प्रमुख समक्ष सादर निवेदन गर्दछु ।

ठाकुर प्रसाद डि.सि.
मुख्य न्यायाधिवक्ता
मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश नं. ५

☎ ०७१-५५१६१६ website: www.ca.p5.gov.np e-mail: ca.province5@gmail.com

# विषयसूची


पेज नं.

परिच्छेद १ — १-२

परिचय

१. मुख्य न्यायाधिवक्ता कार्यालयको परिचय — १

२. मुख्य न्यायाधिवक्ता कार्यालयको काम, कर्तव्य, अधिकार — १

३. वार्षिक प्रतिवेदन पेस गर्ने सम्बन्धी व्यवस्था — २

परिच्छेद २ — ३-६

१. यस कार्यालयको भौतिक सम्पत्तिको विवरण — ४

२. सवारी साधनतर्फ — ५

३. मुद्दा प्रतिरक्षातर्फ — ५

४. प्रदेश सरकार र मातहतका निकायका विरुद्ध दायर भएका रिट निवेदन सम्बन्धी विवरण — ५

५. तथ्यांकीय विवरण — ६

परिच्छेद ३ — ७-९

हिरासत कक्ष एवं थुनुवा कक्ष अनुगमन तथा निरीक्षण — ७

परिच्छेद ४ — १०-१७

निष्कर्ष तथा सुझाव — १०

२.१ मुख्य न्यायाधिवक्ताको कार्यालयका अवसर तथा चुनौतिहरु — १०

२.२ सुझावहरु — १२

अनुसूचीहरु — २१-३८

परिच्छेद-१

# परिचय

## १. मुख्य न्यायाधिवक्ताको कार्यालयको परिचयः

संविधान सभाबाट २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानको भाग १२ धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था छ। मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित प्रदेशको मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने व्यवस्था रहेको छ। मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहाकार हुनेछ र संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु पर्नेछ। प्रदेश सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलहरुबाट प्रदेश सरकारको प्रतिनिधित्व गरीने व्यवस्था गरेको छ। उक्त संवैधानिक व्यवस्था बमोजिम प्रदेश नं. ५ मा मिति २०७४ चैत्र २ गते बाट मुख्यन्यायाधिवक्ताको नियुक्ति भए देखि मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भई कार्य संचालन भईरहेको छ ।

## २. मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकारः

नेपालको संविधानको धारा १६० को उपधारा ७ मा मुख्य न्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा उच्च अदालतको न्यायाधीश सरह हुने र मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था छ। सोही अनुसार प्रदेश नं. ५ को प्रदेश सभाले मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ मिति २०७५।०४।०८ मा प्रदेश सभाबाट पारित भई मिति २०७५।०४।२८ मा माननीय प्रदेश प्रमुख ज्यूबाट प्रमाणीकरण भई लागू भएको अवस्था विद्यमान छ। उक्त ऐनको दफा ४ मा संविधानको धारा १६० मा

उल्लखित काम, कर्तव्य, अधिकारको अतिरिक्त मुख्य न्यायाधिवक्ताले प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्वन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा सम्वन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्त्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट वहस पैरवी गर्ने र प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई कुनै संवैधानिक वा कानुनी प्रश्नमा राय माग गरेमा कानुनी राय दिने मुख्य कर्तव्य तोकिदिएको छ।

## ३. वार्षिक प्रतिवेदन पेस गर्ने सम्बन्धी व्यवस्थाः

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७५ को दफा ११ मा काम कारवाहीको वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था रहेको छ। उक्त ऐनको दफा ११ को उपदफा १ मा मुख्य न्यायाधिवक्ताले मुख्य न्यायाधिवक्ता कार्यालय र मातहतका अन्य न्यायाधिवक्ताको काम कारवाहीको वार्षिक प्रतिवेदन तोकिएको ढाँचामा प्रदेश प्रमूख समक्ष पेस गर्नु पर्ने र त्यस्तो प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय मार्फत प्रदेश सभामा पेस हुनेछ भन्ने व्यवस्था रहेको छ।

परिच्छेद-२


# मुख्य न्यायाधिवक्ता कार्यालयको बजेट तथा अन्य भौतिक अवस्था

## आ.व. २०७४/०७५ तर्फः

मुख्य न्यायाधिवक्ता कार्यालयको स्थापना हुँदा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयद्धारा माननीय मुख्यमन्त्री ज्यूको निजी सचिवालय रहेको चौथो तलामा मुख्य न्यायाधिवक्ताको कार्यालयका लागि एउटा कोठा उपलब्ध गराएको थियो। सोही कोठामा एक उपसचिव र एकजना शाखा अधिकृत समेत गरी कार्यालय संचालन भएको थियो। मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवा र शर्त सम्बन्धी ऐन पारित नभएको र कार्यालयको छुट्टै लेखा संचालन नभएकाले २०७४ चैत्रदेखि असारसम्मको आर्थिक व्ययभार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाटै प्रदान गरीएको थियो।

**समष्टिगत वित्तीय विवरण आर्थिक वर्ष २०७५/७६**

| क्र.स. | | कूल बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालू | १०४९२४१२ | ७०८७९३७ | ६७.५६ |
| २ | पूँजीगत | १०००००००० | ८६००२२७ | ८६ |
| | कुल | २०४९२४१२ | १५६८८१६४ | ७६.५६ |




## १. यस कार्यालयको भौतिक सम्पत्तिको विवरणः

प्रदेश नं. ५ को अस्थायी राजधानी रहेको बुटवल मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको भवनको पहिलो तलामा यस मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना रहे भएको अवस्था छ। जसमा मुख्य न्यायाधिवक्ता ज्यूको कार्यकक्ष र बैठककक्ष, उपन्यायाधिवक्ता ज्यूको कार्यकक्ष तथा शाखा अधिकृत एवं लेखा तथा विविध समूहको लागि हाल १/१ कोठा गरी कूल ५ कोठा प्रयोगमा रहेको साथै सोही तलाको छेउमा सानो कोठा भान्साको रुपमा प्रयोगमा रहेको अवस्था छ। यस कार्यालयको आफ्नै भवन नभएका कारण मुख्य न्यायाधिवक्ताज्यू सुविधाको निवासमा बस्दै आउनु भएको अवस्था छ।

## २. सवारी साधनतर्फः

यस कार्यालयको मोटरसाइकल थान २ साइकल थान ३ र स्कुटी थान १ तथा मुख्य न्यायाधिवक्ताज्यूको सुविधाको ४ पांग्रे सवारी साधन १ रहेको र कार्यालय प्रयोजनको ४ पांग्रे सवारी साधन नरहेकोले आ.व. ०७६/७७ मा खरिद प्रक्रिया अगाडि बढाइएको अवस्था छ।

## ३. मुद्दा प्रतिरक्षातर्फः

प्रदेश सरकार र यस मातहतका निकायलाई विपक्षी बनाई आ.व. २०७४/७५ मा १ थान र आ.व. २०७५/७६ सम्म कुल जम्मा २८थान रिट निवेदन दायर भएका र ती मध्ये ८थान सर्वोच्च अदालतमा र बाँकी उच्च अदालत तुलसीपुर, उच्च अदालत तुलसीपुर बुटवल इजलास र उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासमा दायर भई १४ थान रिट निवेदनहरु खारेज भएका र बाँकि १४ थान रिट निवेदनहरु आ.व. ०७६/७७ को जिम्मेवारी सरेर आएको अवस्था छ।

## ४. प्रदेश सरकार र मातहतका निकायका विरुद्ध दायर भएका रिट निवेदन सम्बन्धी विवरणः

- प्रदेश सरकारलाई विपक्षी बनाई हालसम्म निम्न बिषयका रिट निवेदनहरु सर्वोच्च अदालत, उच्च अदालत तुलसीपुर र उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा दायर भएका छन्।
  - ✓ प्रदेश सभामा प्रदेश सभाका सभामूख र उपसभामूख एउटै दलबाट भएको भन्ने विवाद।
  - ✓ नदीजन्य पदार्थको बिक्री वितरण सम्बन्धी विवाद।
  - ✓ बिद्यालयको व्यवस्थापन समिति परिवर्तन सम्बन्धी विवाद।
  - ✓ गाँउपालिकाको केन्द्र परिवर्तन सम्बन्धी मुद्दा, (खजुर गा.पा., बाँके)
  - ✓ वातावरण प्रदुषण रोकी पाउ भन्ने सम्बन्धी।
  - ✓ लुम्विनी प्रादेशिक अस्पतालको सटर भाडा सम्बन्धी विवाद।

- ✓ औषधी खरिदको टेन्डर सम्बन्धी।
- ✓ विद्यालयको प्रधानाध्यापक सरुवा गरेको विषय सम्बन्धी।
- ✓ दोहोरो कर नलिन भनी निर्देशन दिएको सम्बन्धी।
- ✓ विषादी परीक्षण बारे।

## ५. तथ्यांकीय विवरणः

| क.सं. | अदालतको नाम | रिटको संख्या | फैसला | | कैफियत |
|---|---|---|---|---|---|
| | | | भएको | चालू | |
| १ | श्री सर्वोच्च अदालत | ८ | ० | ८ | २ वटा संवैधानिक इजलासमा छन् |
| २ | श्री उच्च अदालत तुलसीपुर | २ | ० | ० | १ तामेलीमा |
| ३ | श्री उच्च अदालत तुलसीपुर, बुटवल | १८ | १३ | ५ | १३ वटा रिट खारेज |
| ४ | श्री उच्च अदालत तुलसीपुर, नेपालगञ्ज | १ | १ | ० | रिट खारेज |
| जम्मा | | २८ | १४ | १४ | |

परिच्छेद-३

# हिरासत तथा थुनुवा कक्ष अनुगमन तथा निरीक्षण

## परिचयः

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ मा मुख्य न्यायाधिवक्ताको कार्यालयलाई आफ्नो प्रदेश भित्रका हिरासत तथा थुनुवा कक्षको अनुगमन र निरीक्षण गर्ने जिम्मेवारी तोकिएको छ। सो सम्बन्धमा यस कार्यालयबाट यस प्रदेश भित्रका रहेका सम्पूर्ण हिरासत तथा थुनुवा कक्षको अनुगमन तथा निरीक्षणगरी मुख्य न्यायाधिवक्ताको बार्षिक प्रतिवेदनमा समेट्नुका साथै थुनुवा तथा बन्दीहरु लाई मानवोचित व्यवहार भए नभएको, भौतिक संरचनाको स्थितिका बारेमा बुझी सम्बन्धित निकायलाई आवश्क निर्देशन तथा सुझाव दिनु यो अनुगमन र निरीक्षणको प्रमुख भुमिका रहेको थियो। सोही अनुरुप विभिन्न मितिमा यस कार्यालयबाट मुख्य न्यायाधिवक्ता श्री ठाकुर प्रसाद डि.सी. तथा उपन्यायाधिवक्ता ऋषि केशब वस्यालको नेतृत्वमा प्रदेश नं. ५ भित्रका अधिकांश जिल्लामा रहेका थुनुवा कक्षको साथै हिरासत कक्षको अनुगमन तथा निरीक्षण गरी यथार्थ बस्तुस्थितिको बारेमा जानकारी लिईएको थियो।

## हिरासत तथा थुनुवा कक्ष अनुगमन तथा निरीक्षणः

थुनुवा कक्षहरु न्यूनतम मानवीय सुविधाको दायरा भित्र सञ्चालित भएका छन् भन्ने कुरा सुनिश्चितता गर्न बाह्य र स्वतन्त्र निकायले आवधिक रुपमा थुनुवा र हिरासत कक्षको निरीक्षण गर्नु आवश्यक छ। यसले बन्दीहरुलाई अनुचित व्यवहारबाट जोगाउन तथा सुरक्षाकर्मीहरुलाइ पनि उनिहरुको महत्त्वपूर्ण कामको स्वीकार्यता तथा मान्यतामा अभिवृद्धी गर्न सहयोग गर्दछ। प्रचलित कानुनले हिरासत तथा थुनुवा कक्षको निरीक्षणको सम्बन्धमा व्यवस्था गरेको छ। संवैधानिक निकायको रुपमा राष्ट्रिय मानव अधिकार आयोगको गठन संविधानले गरेको छ। यस आयोगले मानवअधिकार हननका घटना उसको अनुसन्धानको दायरा भित्र पर्ने

व्यवस्था छ। यसैगरी महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्तालाई पनि हिरासत तथा थुनुवा कक्षको निरीक्षण गर्ने जिम्मेवारी तोकिएको छ। यसका अतिरिक्त संबन्धित संसदीय समितिले पनि समय समयमा निरीक्षण गर्ने गरेको पाइन्छ। यसरी विभिन्न सरकारी निकायबाट हुने निरीक्षणको काममा कुनै समन्वय गर्ने कुनै व्यवस्था वा संयन्त्र तथा साझा आधार छैन।

## अनुगमन निरीक्षणको विधिः

- स्थलगत अवलोकन भ्रमण,
- तत् तत् जिल्लाका जिल्ला सरकारी वकील कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा अन्य कर्मचारीहरुसँग अन्तरक्रिया तथा छलफल,
- हिरासत कक्षमा रहेका थुनुवाहरुसँग अन्तर्क्रिया तथा छलफल।

## हिरासत कक्षको अनुगमन तथा निरीक्षण पश्चात प्राप्त जानकारीहरुः

- महिला तथा पुरुष थुनुवाको लागि छुट्टा छुट्टै हिरासत कक्ष रहेको। सो कक्षमा घाम, प्रकाश छिर्ने, पानी नचुहिने तथा शौचालयको व्यवस्था भएपनि खानेपानीको उचित व्यवस्था नभएको।
- भेटघाटको लागि समय उपलब्ध गराउने गरीएको भएतापनि भेटघाटका लागी छुट्टै स्थानको व्यवस्था नभएको।
- खाना दिनमा दुई पटक उपलब्ध गराउने गरीएको भएतापनि दिवा खाजाको व्यवस्था नभएको।
- स्वास्थ्य जाँचको व्यवस्था रहेको भएतापनि दक्ष चिकित्सक नभएको।
- पुस्तक, पत्रपत्रिका अध्ययन गर्न चाहेमा थुनुवाकै खर्चमा उपलब्ध गराउने गरीएको।
- थुनुवालाई थुनुवा पूर्जि दिई थुनामा राखिएको र थुनामा रहदा हतकडी लगाउने नगरीएको।

- कानुन व्यवसायी तथा आफन्तहरुसँग भेटघाटको लागि समय उपलब्ध गराउने गरीएको।

## हिरासत कक्षमा देखिएका समस्याहरुः

- आधारभूत आवश्यकता तथा न्यूनतम मानवीय सुविधा प्राप्त भएको नदिखएको।
- प्रोवेशन तथा प्यारोल बोर्ड गठन नभएकोले सामान्य कसुर गरेका तथा असल आचरण भएका थुनुवाहरुलाई बाहिर जान दिन नसकिएको।
- वाल निगरानी कक्षको स्थापना नभएको।

## हिरासत कक्षमा रहेका एवं थुनुवा बन्दीको अवस्था सुधार गर्न चाल्नु पर्ने कदमहरुः

- प्रोवेशन तथा प्यारोल बोर्ड गठनको लागि कानुनी अड्चन समाधान गरी दण्डको सुधारात्मक सिद्धान्तको प्रयोगको सुरुवात गर्नु पर्ने।
- वाल निगरानी कक्ष स्थापना गरीनुपर्ने।
- हिरासत कक्षमा उचित सरसफाइको व्यवस्था हुनुपर्ने।

## निश्कर्षः

राज्यको स्रोत साधन अनुसार हिरासत एवं थुनुवा कक्षलाई चुस्त दुरुस्त बनाउन खोजिएको भएता पनि प्रयाप्त जग्गा, आर्थिक स्रोत जस्ता समस्याले गर्दा सोचे अनुसारको सुधार गरेको पाइएन। राज्यले नियन्त्रणमा लिएका मानिसको न्यूनतम मानवीय आवश्यकता पूर्ति गर्ने जिम्मेवारी राज्यकै हो। त्यसैले थुनुवालाई स्वच्छ, सफा स्थानमा राख्नुका साथै आवश्यक मनोरञ्जनको व्यवस्था गर्नु राज्यको दायित्व हो।

परिच्छेद-४

# निस्कर्ष तथा सुझावः

## २.१ मुख्य न्यायाधिवक्ताको कार्यालयका अवसर तथा चुनौतिहरु :

नेपालमा मुख्य न्यायाधिवक्ताको कार्यालयको स्थापना नितान्त नयाँ अवधारणा हो। देश संघीय शासन प्रणालीमा गईसकेपछि तीन तहमा सरकारहरु गठन भएका छन्। प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकारको रुपमा प्रत्येक प्रदेशमा एक-एक जना मुख्य न्यायाधिवक्ताको नियुक्त गरीएको छ। नेपालको संविधानले गरेको व्यवस्था तथा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ ले मुख्य न्यायाधिवक्ताको कार्यालयका अवसर तथा चुनौतिहरु सिर्जना भएका छन्।

**अवसरहरुः**

- प्रदेश सरकार तथा प्रदेशका मन्त्रालय तथा सो अन्तर्गतका कार्यालयहरु विरुद्ध सर्वोच्च अदालतर उच्च अदालत तुलसीपुर र यसका बुटवल र नेपालगञ्ज इजलासमा रिट निवेदनहरुमा प्रदेश सरकारको प्रतिनिधित्व गरी प्रतिरक्षा गर्ने कार्य भएको छ।
- मुख्य न्यायाधिवक्ताको कार्यालयले औपचारिक तथा अनौपचारिक रुपमा प्रदेशका माननीय मुख्य मन्त्री, मन्त्रीहरु तथा मन्त्रालय र मातहतका कार्यालयहरुलाई संवैधानिक, कानुनी तथा अन्य बिषयमा राय सुझाव दिइएको छ।
- यस प्रदेश भित्र कानुन मस्यौदाको लागि आफ्नो विज्ञता तथा रचनात्मक सहयोगको वातावरण सिर्जना भएको छ जसले प्रदेश सभालाई कानुन निर्माणमा सहयोग पुगेको छ।

- प्रदेश नं. ५ मा कानुनी शासनको अनुभुत गराउन यस कार्यालयले प्रदेश भित्र नागरीक तथा विद्यार्थीहरुलाई कानुनी शिक्षा सचेतना कार्यक्रमहरु संचालन गर्न सकिने अवस्था छ।
- स्थानीय तहका न्यायिक समितिहरुलाई शसक्तीकरण गरी तिनिहरुबाट सम्पादन हुने कार्यहरुलाई व्यवस्थित, कानुनी र प्रभावकारी बनाउन न्यायिक समितिहरु सँग अन्तर्क्रियात्मक कार्यक्रमहरु संचालन गरीएको।
- नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी स्थानीय तहले बनाएका कानुनहरु संघीय तथा प्रदेश कानुन सँग बाझिएका छन् वा छैनन भन्ने विषयमा काश्नहरु संकलन गरी अध्ययन गरी आवश्यक निर्देशन दिइने।
- मुख्य न्यायाधिवक्ताको कार्यालयमा पुस्तकालयको स्थापना भई कानुनी पुस्तकहरुलाई व्यवस्थित गरीएको। जसले कानुनी अध्ययन गर्न चाहने व्यक्तिहरुलाई सहयोग पुगेको।
- फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८ को उपदफा (२) ले प्रोवेशन तथा प्यारोल वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरीवेक्षणमा रहने गरी प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रदेश प्रोवेशन तथा प्यारोल वोर्डको गठनको व्यवस्था गरेको छ।जसले कारागार व्यवस्थापन तथा संचालनलाई व्यवस्थित बनाउन मद्दत पुग्ने।
- हिरासत कक्षहरुको अनुगमन तथा निरीक्षण गरी आवश्यक सुधारको लागि सम्बन्धित निकायलाई निर्देशन तथा समन्वयमा सहयोग पुग्ने।
- प्रदेश सरकारबाट प्रवाह हुने कामकारवाही कानुनी शासनको मान्यता र विधिमा आधारीत हुने।
- न्यायिक वा अर्ध न्यायिक निकायहरुमा प्रदेश सरकारको प्रतिनिधित्व भएको छ।

**समस्याहरुः**

- प्रदेश सरकारबाट हुने नीतिगत निर्णय र सार्वजनिक सरोकारका विषयमा मुख्य न्यायाधिवक्ता कार्यालयले समयमै जानकारी नपाउँदा प्रतिरक्षाको रणनीति तयार गर्न कठिनाइ भएको।
- प्रयाप्त बजेट तथा कर्मचारीको अभावमा प्रदेश तथा स्थानीय कानुनहरुको संकलन¸अध्ययन र विश्लेषण गरी सुझाव दिन नसकिएको।
- छुट्टै भौतिक संरचना, कार्यालय भवनको अभाव र कार्यालयलाई चाहिने आवश्यक सवारी साधन समयमै उपलब्ध हुन नसक्नु।
- प्रदेशले निर्माण गरेका कानुनहरुको कार्यान्वयन गर्ने संयन्त्र वा अधिकारीहरुको प्रष्ट व्यवस्था नहुदाँ प्रदेश स्तरीय कानुनको कार्यान्वयन गर्नमा कठिनाई रहेको।
- मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकिलहरुको क्षमता विकासका लागि विशिष्टिकृत कार्यक्रमहरु सञ्चालन हुन सकेको छैन भने कर्मचारीहरुलाई उत्प्रेरित गर्न नसक्दा कर्मचारीहरुको सरुवा रोक्न सक्ने अवस्था छैन। जसले गर्दा निरन्तर कर्मचारीहरु परिवर्तन हुदा कार्यवातावरण असहज रहने गरेको छ।
- दरबन्दी अनुसार सबै कर्मचारीको पदपूर्ति हुन सकेको छैन।
- मुख्य न्यायाधिवक्ताको कार्यालयको हालसम्म कुनै रणनैतिक योजना बन्न नसकेबाट योजनाबद्द विकास हुन सकेको छैन।
- गुण र दोषमा आधारित दण्ड र पुरस्कारको उचित व्यवस्थापन हुन सकिरहेको छैन।

**चुनौतिहरुः**

- कानुन अभावमा प्रदेशमा रहेका अर्धन्यायिक निकाय सँग समन्वय गर्न नसकिनु।

- प्रदेशको कार्यकारी अधिकार प्रदेश सरकार अन्तर्गत रहेको भएतापनि कार्यकारी अधिकार प्रयोग गर्ने संयन्त्रहरु स्थापना भई नसकेका।
- कानुनको कार्यान्वयन र शान्ति सुरक्षा कायम राख्ने सवालमा प्रदेश र संघीय कार्यालयहरु बीच समन्वय कायम हुन नसक्नु।
- अपराध अनुसन्धान तथा अभियोजनमा मुख्य न्यायाधिवक्ता कार्यालयको भूमिकालाई स्वीकार गर्न नसक्नु।
- मुख्य न्यायाधिवक्ता कार्यालयमा प्रदेशका आफ्नै कर्मचारीहरु नरहेको।
- प्रदेश अन्तर्गतको डिभिजन वन कार्यालयले चलाउने मुद्दाहरु मुख्य न्यायाधिवक्ताको कार्यालयको अधिकार क्षेत्रभित्र ल्याउन नसकिनु।
- महान्यायाधिवक्ताको मातहतमा रहने मुख्य न्यायाधिवक्ताको कार्यालयमा प्रदेश क्षेत्र अन्तर्गतमा घट्ने फौजदारी मुद्दाहरुको अभियोजन गर्ने, नगर्ने भन्ने अधिकारको संवैधानिक स्पष्टता हुन सकेको नहुँदा कार्यमा द्विविधा परेको छ।
- मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तरगतका मातहत कार्यालय स्थापना हुन नसक्नु।
- प्रदेश भित्रका फौजदारी मुद्दाहरुको अन्तिम निर्णय निकासा दिने तथा निर्देशन दिन सक्ने कानुनको अभाव रहेको।

## २.२ सुझावहरुः

नेपालको संविधान बमोजिम मुलुक कानुनी तथा राजनीतिक रुपमा संघीयतामा गईसकेपछि प्रदेशमा समेत उक्त संविधानको मर्म/भावना बमोजिम कानुनको शासन र संवैधानिक सर्वोच्चता कायम राख्दै प्रदेशमा मुख्य न्यायाधिवक्ताको नियुक्ति र मुख्य न्यायाधिवक्ताको कार्यालयको स्थापना भएको छ। मुख्य न्यायाधिवक्ता कार्यालयका काम कारवाहीको अभ्यास छोटो समयकै भएपनि केही सारभूत, भौतिक र मानवीय समस्याबाट यो कार्यालय समेत अछुतो छैन। यस

कार्यालयलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि निम्नानुसारका उपायहरु अवलम्बन गर्नु पर्ने देखिन्छ।

१. नेपालको संविधानले मुख्य न्यायाधिवक्तालाई महान्यायाधिवक्ता मातहत राखेकोमा मुख्य न्यायाधिवक्ता माथि महान्यायाधिवक्ताको प्रशासनिक वा न्यायिक कस्तो प्रकारको नियन्त्रण हो स्पष्ट हुन नसकेको र कुनै अधिकार प्रत्यायोजन नभएको स्थितिमा सो विषयहरु निक्यौंल हुनु जरूरी देखिन्छ।

२. मुख्य न्यायाधिवक्ताको कार्यालयका कर्मचारी व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयबाट हुने संवैधानिक प्रावधान रहेको हुदाँ आफ्नो मातहत रहने कार्यालयका कर्मचारी र भविष्यमा उच्च अदालतका इजलास मुकाम रहन सक्ने स्थानका सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरुको मुख्य न्यायाधिवक्ता प्रति जवाफदेही गराउने प्रावधान नहुदाँ सो तर्फ आवश्यक नीति र संघीय ऐनहरुमा व्यवस्था गरीनु पर्ने।

३. मुख्य न्यायाधिवक्ताको कार्यालयको कर्मचारी दरबन्दी तथा पदपूर्तिको स्थिति हेर्दा मानव संसाधन योजनामा समूचित ध्यान पुग्न सकेको छैन। मुख्य न्यायाधिवक्तालई संविधान र ऐन कानुनले दिएको जिम्मेवारी प्रभावकारी रुपले निर्वाह गर्न जिम्मेवारी  र कार्य बोझका आधारमा मानव संसाधन योजना निर्माण गरी लागू गर्न जरुरी छ।

४. स्थानीय सरकारमा  न्यायिक समितिले न्यायिक कार्य गर्न पाउने सवैधानिक व्यवस्था अनुरुप प्रदेश सरकारको मुख्य न्यायाधिवक्ता र सो मातहतका निकायले के कसरी समन्वय सहकार्य गर्नु पर्ने हो सो सम्बन्धमा स्पष्टता नभएको र स्थानिय न्यायिक समिति वा स्थानीय सरकारका काम कारवाही समेत न्यायिक परिक्षणका विषय हुनसक्ने र त्यस्ता काम कारवाहीका सम्बन्धमा मुख्य न्यायाधिवक्ता र सोको कार्यालयको भूमिकाबारे स्पष्टता हुनुपर्ने।

५. मुख्य न्यायाधिवक्ताको कार्यालय स्थायी प्रकृतिको कार्यालय हुने भएकाले आवश्यक आफ्नै जग्गा, भवन नभएको, भौतिक स्रोत साधनहरुको कमी रहेकोले सो तर्फ पहल हुनु पर्ने देखिन्छ।

६. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ दफा ३८(२) अनुसार मुख्य न्यायाधिवक्ताबाट प्रदेश स्तरीय प्यारोल र प्रोवेशन वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरीवेक्षण मुख्य न्यायाधिवक्ताबाट हुने हुदाँ सो सम्बन्धि कार्यविधि तत्काल निर्धारण गर्नुपर्ने देखिन्छ।

७. उच्च अदालतले मुद्दाको रोहमा गरेको फैसलाहरु केही हदसम्म अन्तिम हुने संविधान, कानुनको प्रयोग अन्तर्गत प्रदेश तहका फौजदारी न्याय प्रणालीसँग जोडिएका मुद्दामा मुख्य न्यायाधिवक्ताको भूमिकालाई स्पष्ट गरीनुपर्ने आवश्यकता देखिन्छ।

८. जिल्ला अदालत, उच्च अदालत लगायत प्रदेश निकायका अर्धन्यायिक निकाय एवं न्यायिक निकायसंग समन्वयमा सम्पर्क स्थापित गर्न, भरपर्दो संयन्त्रको आवश्यकता देखिन्छ।

९. संविधान बमोजिम निर्माण हुने प्रदेश न्याय सेवा आयोगमा मुख्य न्यायाधिवक्ताको भूमिका स्पष्ट हुनुपर्दछ।

१०. प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा, अनुसन्धान व्युरो प्रदेशको एकल अधिकार संविधानको अनुसूची (६) मा उल्लेख भएकोले त्यस्तो संरचनामा समन्वय र सहकार्यका लागि मुख्य न्यायाधिवक्ताको भूमिका स्पष्ट हुन जरुरी छ।

११. प्रदेश सरकारले प्रदेश भित्र प्रशासन, शान्ति सुरक्षा र कानुनी राज्य प्रतिको जवाफदेहिता वहन गर्नुपर्ने भएकोले आफूले निर्माण गरेका कानुन लागु गर्नुपर्ने हुन्छ। त्यस्ता कार्यका लागि मुख्य न्यायाधिवक्तालाई हाल

प्रचलनमा रहेको सरकारी मुद्दा सम्बन्धी ऐनमा संसोधन गरी संविधानले परिकल्पना गरे बमोजिम जिम्मेवारी निर्धारण गर्न आवश्यक रहेको छ।

१२. फौजदारी न्याय प्रणालीमा मुख्य न्यायाधिवक्ताको भूमिका स्पष्ट बनाउनु पर्ने देखिन्छ।

१३. जिल्लामा स्थापना भएका प्रदेश सरकारका कार्यालयहरुको काम कारवाहीहरुका विरुद्द, सम्बन्धित जिल्ला अदालतमा पनि रिट क्षेत्राधिकारभित्र रिट निवेदन पर्न सक्ने हुँदा प्रदेशका सबै जिल्लामा प्रदेश सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्न, मुख्य न्यायाधिवक्ता कार्यालयबाट मात्र संभव नहुने भएकाले हरेक जिल्लामा, मुख्य न्यायाधिवक्ता कार्यालयको शाखा स्थापना हुन पर्ने देखिन्छ।

## २.३ निष्कर्षः

नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष एवं सक्षम न्यायपालिका र कानुनी शासनको व्यवस्था गरेको छ। कानुनी शासनको स्थापनाका लागि स्वतन्त्र, समक्ष र प्रभावकारी फौजदारी न्याय प्रशासन आवश्यक पर्ने हुदाँ संविधानले तीन तहको सरकारको परिकल्पना गरेको छ। प्रदेश सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा मातहतका सरकारी वकीलबाट सरकारको प्रतिनिधित्व गर्ने, कुनै अदालत वा न्यायिक वा अधिकारी समक्ष प्रदेश सरकारको प्रतिनिधित्व गर्ने, कुनै अदालत वा न्यायिक आदेशबाट प्रदेश सरकारको हक हितमा प्रतिकूल असर परेमा प्रदेश सरकारको तर्फबाट निवेदन, पुनरावेदन वा पुनरावलोकन पेस गर्ने, प्रदेश सरकार विरुद्ध दायर भएका मुद्दामा प्रतिरक्षा गर्ने, अदालतले गरेको कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने, हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र प्रदेश सरकार र प्रदेश सरकारी निकायलाई संवैधानिक एवं कानुनी प्रश्नमा कानुनी राय उपलब्ध गराउने समेतको काम, कर्तव्य र अधिकार कानुनले तोकेको छ।

संवैधानिक व्यवस्था अनुसार प्रदेश सभाबाट नयाँ कानुनहरुको निर्माण हुने क्रम जारी छ । सोही कानुन अनुरुप मुख्य न्यायाधिवक्ता तथा मुख्य न्यायाधिवक्ताको कार्यालयमा पूर्व तयारी र थप सक्रियता देखाउनु पर्ने अवस्था छ। यसका लागि प्रर्याप्त, साधन र जनशक्ति उपलब्धता एवं कार्यविधिगत व्यवस्थाहरुलाई प्राथमिकतामा राख्नु पर्ने देखिन्छ।


# अनुसूचीहरू

अनुसूची-१

# संगठनात्मक स्वरुप

मुख्य न्यायाधिवक्ताको कार्यालयको संगठन संरचना नेपाल सरकार (**मन्त्रीपरिषद**) बाट निर्णय भई संगठनात्मक स्वरुप निर्धारण भएको छ। प्रदेश नं. ५ को अस्थायी राजधानी बुटवलमा रहेको छ यस कार्यालयको संगठनात्मक संरचना निम्न बमोजिम रहेको छ।

## १. संगठनात्मक संरचनाः



## २. जनशक्ति विवरणः

| क्र. सं. | पद | दरवन्दी संख्या | पद पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | उप न्यायाधिवक्ता | १ | १ | ० | |
| २ | शाखा अधिकृत | ३ | ३ | ० | १ जना शाखा अधिकृत उच्च सरकारी वकिल कार्यालय बुटवलमा काजमा रहनु भएको। |
| ३ | ना.सु. | २ | ० | २ | (कार्यालय स्थापनादेखिहालसम्म पदपूर्ति हुन नसकेको) |
| ४ | कम्प्युटर अपरेटर | १ | १ | ० | |
| ५ | लेखापाल | १ | १ | ० | |
| ६ | ह.स.चा. | १ | १ | ० | |
| ७ | का.स. | २ | २ | ० | |
| | जम्मा | १२ | १० | २ | |

## ३. हाल कार्यरत कर्मचारीहरुको विवरणः

| क्र. सं. | सेवा समूह | पद | नाम | कैफीयत |
|---|---|---|---|---|
| १ | सरकारी वकील | उप न्यायाधिवक्ता | श्री ऋषि केशब वस्याल | |
| २ | सरकारी वकील | शाखा अधिकृत | श्री उमा कुमारी के.सी. | |
| ३ | सरकारी वकील | शाखा अधिकृत | श्री प्रकाश ज्ञवाली | |
| ४ | लेखा | लेखा अधिकृत (छैटौ स्तर) | श्री बाबुराम ज्ञवाली | |
| ५ | विविध | कम्पुटर अपरेटर | श्री यज्ञमूर्ति न्यौपाने | |
| ६ | | ह.स.चा. | श्री डोल बहादुर थापामगर | |
| ७ | | का.स. | श्री बिनु रेग्मी | |
| ८ | | का.स. | श्री राम प्रसाद पाण्डे | |

संगठन संरचना तथा कर्मचारीको पदपूर्तिको अवस्था हेर्दा संघीय निजामती सेवाको न्याय सेवा सरकारी वकील समूहका एक जना उप न्यायाधिवक्ता, ३ जना कानुन अधिकृत रहने व्यवस्था छ। भने अन्य कर्मचारी प्रदेश निजामती सेवामा समायोजन भई आएका कर्मचारीहरु रहेका छन्।

# अनुसूची-२

## प्रदेश सरकार र मातहतका निकाय वा अधिकारी उपर दायर भएका रिट निवेदनमा प्रतिरक्षा गरेको विवरण

### सर्वोच्च अदालतमा दर्ता भएका मुद्दाहरु

| सि.नं. | मुद्दाको नाम | रिट नं. | निवेदक | विपक्षि | दर्ता मिती | चालु/खारेजी मिति | परिणाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | उत्प्रेषण परमादेश समेत | ०७५-wc-००१३ | रुद्र बहादुर सुनार | प्रदेश नं.५ प्रदेश सरकारका मूख्यमन्त्री शंकर पोखरेल | २०७५/१०/१५ | २०७५/१०/१५ | | संवैधानिक इजलासमा चालु रहेको |
| २ | उत्प्रेषण | ०७५-wo-०६७९ | सुरज बहादुर सोनाम | मूख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय प्रदेश नं ५ समेत | २०७५/१०/१६ | | | रिट निष्प्रभावी |
| ३ | उत्प्रेषण | ०७५-wo-०६७९ | सुरज बहादुर सोनाम | मूख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय प्रदेश नं ५ समेत | २०७५/११/१० | | | रिट निष्प्रभावी |
| ४ | उत्प्रेषण परमादेश प्रतिशेध | ०७५-wo-०९३९ | नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघको तर्फबाट उप प्र. चन्द्र साउद समेत | सामाजिक विकास मन्त्रालयप्रदेश नं ५ समेत | २०७६/०१/१२ | | | |
| ५ | उत्प्रेषण | ०७५-WO-१०५२ | कृष्ण बहादुर बि.क. रसायली समेत | मूख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय प्रदेश नं ५ समेत | २०७६/०१/२५ | | | |
| ६ | उत्प्रेषण | ०७४-WO-०८४७ | अच्युत प्रसाद खरेल | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत | २०७५/०३/०५ | | | सभामुख उपसभामुख सम्बन्धी |
| ७ | परमादेश प्रतिशेध | ०७४-WO-०१५४ | अशोक कुमार व्यन्जु | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत | | | | सर्वोच्च अदालत संवैधानिक इजलासमा |

| सि.नं. | मुद्दाको नाम | रिट नं. | निवेदक | विपक्षि | दर्ता मिती | चालु/खारेजी मिति | परिणाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ८ | परमादेश | | लोकेन्द्र वली | प्रदेश नं. ५ प्रदेश सरकार समेत | | | | |
| **उच्च अदालत तुल्सीपुर दाङमा दर्ता भएका मुद्दाहरु** | | | | | | | | |
| १ | उत्प्रेषण निशेधाज्ञा र परमादेश | ०७४-**WO**-००६१ | भिम बहादुर बुढाथोकी | आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ५ बुटवल समेत | २०७५/०३/१५ | ०७५/०४/२३ | तामेली | निष्प्रभावी |
| **उच्च अदालत तुल्सीपुर बुटवल इजलासमा दर्ता भएका मुद्दाहरु** | | | | | | | | |
| १ | उत्प्रेषण परमादेश प्रतिशेध | ०७५-**WO**-००३५ | मोहमद सफिक मुसलमान | सामाजिक विकास मन्त्रालय प्रदेश नं ५ बुटवल | २०७५/०८/२४ | २०७५/१२/१३ | रिट खारेज | |
| २ | उत्प्रेषण निशेधाज्ञा मिश्रित परमादेश | ०७४-**WO**-००५३ | विष्णु प्रसाद मिश्र समेत | जिल्ला समन्वय समिति रुपन्देही समेत | २०७४/१२/०५ | २०७५/०७/२८ | रिट खारेज | |
| ३ | उत्प्रेषण परमादेश प्रतिशेध | ०७४-**WO**-००७९ | तुल्सीराम शर्मा | सैनामैना नगरपालिकाको कार्यालय रुपन्देही समेत | २०७५/०३/१३ | २०७५/०९/१८ | खारेज | |
| ४ | निशेधाज्ञा मिश्रित उत्प्रेषण तथा परमादेश | ०७५-**WO**-०००१ | पुष्कर बहादुर पाण्डे | लुम्बिनी अंचल अस्पताल समिति रुपन्देही | २०७५/०४/१ | २०७५/०९/२५ | रिट खारेज | |
| ५ | उत्प्रेषण मिश्रित परमादेश | ०७५-**WO**-०००७ | रिना नेपाल बि.क. | प्रदेश नं. ५ प्रदेश सभा सचिवालय रुपन्देही | २०७५/०४/३१ | २०७६/०३/२५ | रिट खारेज | |
| ६ | उत्प्रेषण निशेधाज्ञा मिश्रित परमादेश समेत | ०७५-**WO**-००१९ | विमला कुमारी श्रेष्ठ | घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी समेत | २०७५/०५/०५ | २०७५/०९/०४ | रिट खारेज | |

| सि.नं. | मुद्दाको नाम | रिट नं. | निवेदक | विपक्षि | दर्ता मिती | चालु/खारेजी मिति | परिणाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ७ | उत्प्रेषण निशेधाज्ञा मिश्रित परमादेश समेत | ०७५-WO-००१९ | विमला कुमारी श्रेष्ठ | घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी समेत | २०७५/०६/०२ | २०७५/०९/०४ | रिट खारेज | |
| ८ | निशेधाज्ञा परमादेश | ०७५-wo-००४३ | बलराम पोखरेल समेत | भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं ५ बुटवल | २०७५/०८/२४ | चालु | | |
| ९ | उत्प्रेषण परमादेश प्रतिशेध | ०७५-wo-००४७ | भेषराज पाण्डे | तिलोत्तमा नगरकार्यपालिकाको कार्यालय,मणिग्राम,रुपन्देही | २०७५/०९/१९ | २०७५/१२/०६ | रिट खारेज | |
| १० | उत्प्रेषण परमादेश प्रतिशेध | ०७५-wo-००४८ | रुकमागत पाण्डे | तिलोत्तमा नगरकार्यपालिकाको कार्यालय,मणिग्राम,रुपन्देही | २०७५/०९/१९ | २०७५/१२/१३ | रिट खारेज | |
| ११ | निशेधाज्ञा | ०७५-wo-०१०८ | जनक बहादुर कुँवर | सामाजिक विकास मन्त्रालय प्रदेश नं. ५ समेत | २०७६/०१/१२ | २०७६/०३/०४ | रिट खारेज | |
| १२ | उत्प्रेषण परमादेश | ०७५-wo-०११४ | दिपक पन्त | सामाजिक विकास मन्त्रालय स्वास्थ्य निर्देशनालय, मूख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय प्रदेश नं ५ समेत | २०७६/०१/१२ | चालु | | |
| १३ | उत्प्रेषण मिश्रित निशेधाज्ञा परमादेश | ०७५-wo-००२३ | वेलसिंह रावत | शितगंगा नगरपालिकाको कार्यालय ठाडा अर्घाखाँची समेत | | २०७५/१०/०९ | रिट निवेदन खारेज | |
| १४ | निशेधाज्ञा मिश्रित परमादेश | ०७५-wo-०११६ | मातृका कुर्मी समेत | मूख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय प्रदेश नं ५ समेत | २०७६/०१/२३ | २०७६/०२/१५ | रिट खारेज | |
| १५ | उत्प्रेषण सहित परमादेश | ०७५-wo-०१५४ | चुन्त प्रसाद थापा | सामाजिक विकास मन्त्रालय प्रदेश नं.५ | २०७६ | चालु | | |

| सि.नं. | मुद्दाको नाम | रिट नं. | निवेदक | विपक्षि | दर्ता मिती | चालु/खारेजी मिति | परिणाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १६ | उत्प्रेषण परमादेश | ०७५-wo-०१३२ | गोपाल प्रसाद गौतम | सामाजिक विकास मन्त्रालय स्वास्थ्य निर्देशनालय प्रदेश नं.५ बुटवल | २०७६/२/२२ | चालु | | |
| १७ | उत्प्रेषण परमादेश | ०७५-wo-०१४० | भागवत गिरी राजेश्वरी कन्सट्रक्सन | प्रदेश नं.५ बुटवल उद्योग पर्यटन तथा वन तथा वातावरण मन्त्रालय समेत | ०७६/०२/१६ | २०७६/०३/१८ | रिट खारेज | |
| १८ | उत्प्रेषण निशेधाज्ञा मिश्रित उत्प्रेषण परमादेश | ०७५-wo-०१९२ | श्याम बिहारी पाण्डे | अर्थ उद्योग तथा प्रर्यटन समिति प्रदेश नं ५ समेत | २०७६/०३/२३ | चालु | | |
| १९ | उत्प्रेषण | ०७५-wo-०१०८ | जनक बहादुर कुँवर | मूख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय प्रदेश नं ५ समेत | २०७५/११/१० | २०७६/०३/०४ | रिट खारेज | |

अनुसूची-३

# जिल्ला स्थित हिरासत कक्ष तथा बाल निगरानी कक्षको क्षमता

| क्र.सं. | हिरासत कक्ष रहेको स्थान | क्षमता | | | बाल निगरानी कक्ष | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | तेस्रो लिङ्गी | बालक | बालिका | | |
| | | | | जिल्लाः कपिलबस्तु | | | | |
| १ | जि.प्र.का. कपिलबस्तु | ७ | १० | ० | ० | ० | १७ | |
| २ | इ.प्र.का. चन्द्रौटा | ७ | १२ | ० | ० | ० | १९ | |
| ३ | इ.प्र.का. कृष्णनगर | ६ | १० | ० | ० | ० | १६ | |
| ४ | इ.प्र.का. गोरुसिंगे | १० | १० | ० | ० | ० | २० | |
| ५ | इ.प्र.का. कपिलबस्तु | ५ | १० | ० | ० | ० | १५ | |
| | **जम्मा** | **३५** | **५२** | **०** | **०** | **०** | **८७** | |
| | | | | जिल्लाः पाल्पा | | | | |
| १ | जि.प्र.का. पाल्पा | १० | २० | ० | ० | ० | ३० | |
| २ | इ.प्र.का. रामपुर | ० | १० | ० | ० | ० | १० | |
| ३ | इ.प्र.का. मुझुङ | ४ | ८ | ० | ० | ० | १२ | |
| ४ | प्रहरी चौकी बर्तुङ | १० | १० | ० | ० | ० | २० | |
| ५ | प्रहरी चौकी आर्यभन्ज्याङ | १५ | १५ | ० | ० | ० | ३० | |
| ६ | प्रहरी चौकी दोभान | ५ | १० | ० | ० | ० | १५ | |
| ७ | प्रहरी चौकी हार्थोक | १५ | १५ | ० | ० | ० | ३० | |
| ८ | प्रहरी चौकी सर्देवा | ८ | ८ | ० | ० | ० | १६ | |
| ९ | प्रहरी चौकी हुँगी | ८ | १० | ० | ० | ० | १८ | |
| १० | प्रहरी चौकी ताहुँ | ७ | ७ | ० | ० | ० | १४ | |
| ११ | प्रहरी चौकी केलादी | १० | २० | ० | ० | ० | ३० | |
| | **जम्मा** | **९२** | **१३३** | **०** | **०** | **०** | **२२५** | |
| | | | | जिल्लाः बर्दिया | | | | |
| १ | जि.प्र.का. बर्दिया | १० | २५ | ० | ० | ० | ३५ | |
| २ | इ.प्र.का. राजापुर | ५ | ७ | ० | ० | ० | १२ | |
| ३ | इ.प्र.का. पानाभर बर्दिया | १० | १० | ० | ० | ० | २० | |

| क्र. सं. | हिरासत कक्ष रहेको स्थान | क्षमता | | | बाल निगरानी कक्ष | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | तेस्रो लिङ्गी | बालक | बालिका | | |
| ४ | इ.प्र.का. वानियाभार बर्दिया | ५ | १० | ० | ० | ० | १५ | |
| ५ | इ.प्र.का. ढोढरी बर्दिया | ५ | ५ | ० | ० | ० | १० | |
| ६ | इ.प्र.का. मैनापोखर बर्दिया | ५ | ५ | ० | ० | ० | १० | |
| ७ | इ.प्र.का. मोतिपुर बर्दिया | ५ | १० | ० | ० | ० | १५ | |
| | **जम्मा** | **४५** | **७२** | **०** | **०** | **०** | **११७** | |
| | | | | जिल्लाः रुपन्देही | | | | |
| १ | जिल्ला प्र. कार्यालय रुपन्देही | ८ | ३० | ० | १० | ० | ४८ | |
| २ | इलाका प्र. कार्यालय बुटवल | ९ | २० | ० | ० | ० | २९ | |
| ३ | इ.प्र.का. सालझन्डी | १० | १० | ० | ० | ० | २० | |
| ४ | इ.प्र.का. लुम्बीनी | ६ | ६ | ० | ० | ० | १२ | |
| ५ | इ.प्र.का. मर्चवार | ० | ८ | ० | ० | ० | ८ | |
| | **जम्मा** | **३३** | **७४** | **०** | **१०** | **०** | **११७** | |
| | | | | जिल्लाः प्युठान | | | | |
| १ | जिल्ला प्र. कार्यालय प्युठान | २ | १० | ० | ० | ० | १२ | |
| २ | इ.प्र.का. बिजुवार | ५ | १० | ० | ० | ० | १५ | |
| ३ | इ.प्र.का. भिङ्ग्री | १० | १० | ० | ० | ० | २० | |
| ४ | प्रहरी चौकी ढुंगेगढी | ३ | ५ | ० | ० | ० | ८ | |
| | **जम्मा** | **२०** | **३५** | **०** | **०** | **०** | **५५** | |
| | | | | जिल्लाः गुल्मी | | | | |
| १ | जि.प्र.का. रेसुंगा | १० | १० | ० | ० | ० | ० | २० |
| | **जम्मा** | **१०** | **१०** | **०** | **०** | **०** | **०** | **२०** |
| | | | | जिल्लाः रुकुमपूर्व | | | | |
| १ | जि.प्र.का. रुकुमपूर्व | ४ | १२ | ० | ० | ० | | १६ |
| | **जम्मा** | **४** | **१२** | **०** | **०** | **०** | | **१६** |

| क्र. सं. | हिरासत कक्ष रहेको स्थान | क्षमता | | | बाल निगरानी कक्ष | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | तेस्रो लिङ्गी | बालक | बालिका | | |
| जिल्लाः रोल्पा | | | | | | | | |
| १ | जि.प्र.का. रोल्पा | १० | १५ | ० | ० | ० | २५ | |
| २ | घर्तीगाउँ | ६ | ८ | ० | ० | ० | १४ | |
| ३ | होलेरी | ८ | १० | ० | ० | ० | १८ | |
| ४ | सुलीचौर | ५ | ८ | ० | ० | ० | १३ | |
| | **जम्मा** | **२९** | **४१** | **०** | **०** | **०** | **७०** | |
| जिल्लाः बाँके | | | | | | | | |
| १ | जि.प्र.का. बाँके | ५ | ३० | ० | ० | ० | ३५ | |
| २ | कोहलपूर | ५ | १५ | ० | ० | ० | २० | |
| ३ | इ.प्र.का. धनौली | ५ | १५ | ० | ० | ० | २० | |
| ४ | इ.प्र.का. भगवानपुर | ४ | ६ | ० | ० | ० | १० | |
| | **जम्मा** | **१९** | **६६** | **०** | **०** | **०** | **८५** | |
| जिल्लाः नवलपरासी पश्चिम | | | | | | | | |
| १ | जि.प्र.का. नवलपरासी | ५ | २० | ० | ३ | ० | २८ | |
| २ | इ.प्र.का. बेलाटारी | ० | ५ | ० | ० | ० | ५ | |
| | **जम्मा** | **५** | **२५** | **०** | **३** | **०** | **३३** | |
| जिल्लाः दाङ | | | | | | | | |
| १ | जि.प्र.का. दाङ | १५ | १५ | ० | ० | ० | ३० | |
| २ | इ.प्र.का. तुल्सीपुर | १० | १० | ० | ० | ० | २० | |
| ३ | वडा प्र.का लमही | १० | १० | ० | ० | ० | २० | |
| ४ | इ.प्र.का. गडवा | १० | १० | ० | ० | ० | २० | |
| ५ | इ.प्र.का. भालुवाङ | ७ | ८ | ० | ० | ० | १५ | |
| | **जम्मा** | **५२** | **५३** | **०** | **०** | **०** | **१०५** | |
| जिल्लाः अर्घाखाँची | | | | | | | | |
| १ | अर्घाखाँची जि.प्र.का. | १० | १० | ० | ० | ० | ० | |
| | **जम्मा** | **१०** | **१०** | **०** | **०** | **०** | **०** | |

अनुसूची-४

# अनुगमन गर्दाका बखत प्रहरी हिरासतमा रहेका थुनुवाको विवरण

| क्र. सं. | हिरासत कक्ष रहेको स्थान | अनुगमन गर्दाका बखत प्रहरी हिरासतमा रहेका | | | बाल निगरानी कक्ष | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | तेस्रो लिङ्गी | बालक | बालिका | |
| जिल्लाः कपिलबस्तु | | | | अनुगमन गरेको मितिः २०७५/०८/२६ | | | |
| १ | जि.प्र.का. कपिलबस्तु | १ | ९ | ० | ० | ० | |
| २ | वप्रका चन्द्रौटा | ० | २ | ० | ० | ० | |
| ३ | इ.प्र.का. पिपरा | ० | ७ | ० | ० | ० | |
| ४ | इ.प्र.का. गोरुसिंगे | ० | ३ | ० | ० | ० | |
| | जम्मा | १ | २१ | ० | ० | ० | |
| जिल्लाः पाल्पा | | | | अनुगमन गरेको मितिः २०७५/१२/१० | | | |
| १ | जि.प्र.का. पाल्पा | १ | १७ | ० | ० | ० | |
| | जम्मा | १ | १७ | ० | ० | ० | |
| जिल्लाः बर्दिया | | | | अनुगमन गरेको मितिः२०७६/०२/३० | | | |
| १ | जि.प्र.का. बर्दिया | ० | १५ | ० | ० | ० | |
| | जम्मा | ० | १५ | ० | ० | ० | |
| जिल्लाः प्युठान | | | | अनुगमन गरेको मितिः २०७६/०३/०८ | | | |
| १ | जिल्ला प्र. कार्यालय प्युठान | ० | १२ | ० | २ | ० | |
| | जम्मा | ० | १२ | ० | ० | ० | |
| जिल्लाः गुल्मी | | | | अनुगमन गरेको मितिः २०७६/०२/१२ | | | |
| १ | जि.प्र.का. रेसुंगा | २ | ४ | ० | ० | ० | ० |
| | जम्मा | २ | ४ | ० | ० | ० | ० |
| जिल्लाः रुकुमपूर्व | | | | अनुगमन गरेको मितिः २०७६/०२/२० | | | |
| १ | जि.प्र.का. रुकुमपूर्व | अनुगमनका समयमा कोही पनि हिरासतमा नरहेका | | | | | |
| | जम्मा | ० | ० | ० | ० | ० | |
| जिल्लाः रोल्पा | | | | अनुगमन गरेको मितिः २०७/०२/२२ | | | |
| १ | जि.प्र.का. रोल्पा | ० | ४ | ० | ० | ० | |
| | जम्मा | ० | ४ | ० | ० | ० | |

| क्र. सं. | हिरासत कक्ष रहेको स्थान | अनुगमन गर्दाका बखत प्रहरी हिरासतमा रहेका | | | बाल निगरानी कक्ष | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | तेस्रो लिङ्गी | बालक | बालिका | |
| जिल्लाः नवलपरासी पश्चिम | | | | अनुगमन गरेको मितिः २०७५/०८/२७ | | | |
| १ | जि.प्र.का. नवलपरासी | ० | ४६ | ० | ० | ० | |
| २ | इ.प्र.का. बेलाटारी | १ | ५ | ० | ० | ० | |
| | जम्मा | १ | ५१ | ० | ० | ० | |
| जिल्लाः दाङ | | | | अनुगमन गरेको मितिः २०७५/०८/१३ | | | |
| १ | जि.प्र.का. दाङ | ० | १२२ | | | | |
| | जम्मा | ० | १२२ | ० | ० | ० | |
| जिल्लाःअर्घाखाँची | | | | अनुगमन गरेको मितिः २०७६/०२/१३ | | | |
| १ | जि.प्र.का. अर्घाखाँची | ० | ७ | ० | ० | ० | |
| | जम्मा | ० | ७ | ० | ० | ० | |

अनुसूची-५

## आ.ब. २०७५/७६ असार मसान्तसम्म मुद्दा पूर्पक्षको निम्ति कारागारमा रहेका थुनुवाहरुको विवरण

| क्र.सं. | मुद्दा शीर्षक | कारागारमा रहेका थुनुवाको विवरण | | | कुल जम्मा |
|---|---|---|---|---|---|
| | | महिला | पूरुष | तेस्रो लिंङ्गी | |
| | | जिल्लाः अर्घाखाँची | | | |
| १ | कर्तव्य ज्यान | ० | १ | ० | १ |
| २ | जवरजस्ती करणी | ० | ६ | ० | ६ |
| ३ | ज्यान मार्ने उद्योग | ० | ३ | ० | ३ |
| ४ | मानव वेचविखन | ३ | ३ | ० | ६ |
| ५ | अभद्र व्यवहार | ० | १ | ० | १ |
| ६ | ठगी | ० | १ | ० | १ |
| | जम्मा | ३ | १५ | ० | १८ |
| | | जिल्लाः रुपन्देही | | | |
| १ | कर्तव्य ज्यान | महिला बन्दी गृह नभएको | ३६ | ० | ३६ |
| २ | लागु औषध | | ७७ | ० | ७७ |
| ३ | डाँका चोरी | | २ | ० | २ |
| ४ | जिउ मास्ने बेच्ने | | ९ | ० | ९ |
| ५ | जबरजस्ती करणी | | ३९ | ० | ३९ |
| ६ | विष्फोटक पदार्थ | | ३ | ० | ३ |
| ७ | चोरी | | २९ | ० | २९ |
| ८ | ज्यान मार्ने उद्योग | | १६ | ० | १६ |
| ९ | बहुविवाह | | ४ | ० | ४ |
| १० | अपहरण तथा शरिर बन्धक | | ८ | ० | ८ |
| ११ | ठगी | | ८ | ० | ८ |
| १२ | कुटपिट | | ३ | ० | ३ |
| १३ | ज्यान सम्बन्धी कसुर | | ५ | ० | ५ |
| १४ | सार्वजानिक नैतिकता बिरुद्दको कसुर | | १ | ० | १ |
| १५ | सवारी दुर्घटनाबाट अंगभंग | | ४ | ० | ४ |

| क्र.सं. | मुद्दा शीर्षक | कारागारमा रहेका थुनुवाको विवरण | | | कुल जम्मा |
|---|---|---|---|---|---|
| | | महिला | पूरुष | तेस्रो लिंङ्गी | |
| १६ | बैंकिङ कसुर | | ९ | ० | ९ |
| १७ | भन्सार चोरी | | ३ | ० | ३ |
| १८ | राजश्व चुहावट | | ३ | ० | ३ |
| १९ | अन्तराष्ट्रिय कल वाइपास | | १ | ० | १ |
| २० | आगजनी | | २ | ० | २ |
| २१ | सवारी ज्यान | | २५ | ० | २५ |
| २२ | विदेशी विनिमय अबैध ओ.प. | | १ | ० | १ |
| २३ | ओखेटो पहार ओ.प. | | २ | ० | २ |
| २४ | गैडाको खाग ओसारपसार | | ५ | ० | ५ |
| २५ | दाइजो प्रथा | | १ | ० | १ |
| २६ | सार्वजानिक शान्ति बिरुद्धको कसुर | | २ | ० | २ |
| | **जम्मा** | | २९८ | ० | २९८ |
| जिल्लाः रुपन्देही (बिदेशी कैदी बन्दीहरुको विवरण) | | | | | |
| १ | लागु औषध | महिला बन्दी गृह नभएको | ५ | ० | ५ |
| २ | सवारी दुर्घटनाबाट अंगभंग | | २ | ० | २ |
| ३ | ज.क. | | २ | ० | २ |
| ४ | जिउ मास्ने बेच्ने | | १ | ० | १ |
| ५ | ठगी | | १ | ० | १ |
| ६ | हातहतियार खरखजना | | ३ | ० | ३ |
| ७ | राजश्व चुहावट | | १ | ० | १ |
| | **जम्मा** | | **१५** | ० | **१५** |
| जिल्लाः प्युठान | | | | | |
| १ | ज.क. | ० | १ | ० | १ |
| २ | ज.क. उद्योग | ० | ४ | ० | ४ |
| ३ | डाँका चोरी | ० | २ | ० | २ |
| ४ | बहुविवाह | १ | १ | ० | २ |
| ५ | सार्वजनिक नैतिकता बिरुद्द | ० | १ | ० | १ |
| ६ | सवारी अंगभंग | ० | १ | ० | १ |
| | **जम्मा** | १ | १० | ० | ११ |

| क्र.सं. | मुद्दा शीर्षक | कारागारमा रहेका थुनुवाको विवरण | | | कुल जम्मा |
|---|---|---|---|---|---|
| | | महिला | पूरुष | तेस्रो लिंङ्गी | |
| जिल्लाः पाल्पा | | | | | |
| १ | कर्तव्य ज्यान | ३ | ७ | ० | १० |
| २ | लागु औषध | ३ | ८ | ० | ११ |
| ३ | जिउ मास्ने बेच्ने | ३ | ६ | ० | ९ |
| ४ | ज.क. | १ | ८ | ० | ९ |
| ५ | सार्वजानिक अपराध | ० | २ | ० | २ |
| ६ | चोरी | ० | ३ | ० | ३ |
| ७ | ज्यान मार्ने उद्योग | १ | १ | ० | २ |
| ८ | हातहतियार खरखजना | ० | २ | ० | २ |
| ९ | सवारी ज्यान | ० | १ | ० | १ |
| १० | खुन डाँका | ० | १ | ० | १ |
| ११ | विना जात तथा ओ.प. | ० | २ | ० | २ |
| १२ | बैकिङ कसुर/ठगी | १ | १ | ० | २ |
| १३ | अन्य शूल्क स्तीकर | ० | १ | ० | १ |
| | **जम्मा** | **१२** | **४३** | **०** | **५५** |
| जिल्लाः दाङ (घोराही) | | | | | |
| १ | कर्तव्य ज्यान | ० | १३ | ० | १३ |
| २ | ज.क. | ० | ३२ | ० | ३२ |
| ३ | लागु औषध | ० | १३ | ० | १३ |
| ४ | सवारी ज्यान | ० | ७ | ० | ७ |
| ५ | डाँका चोरी | ० | ३ | ० | ३ |
| ६ | चोरी | ० | १९ | ० | १९ |
| ७ | अपहरण तथा शरिर बन्धक | ० | ० | ० | ० |
| ८ | ज्यान मार्ने उद्योग | ० | ५ | ० | ५ |
| ९ | ठगी | ० | ३ | ० | ३ |
| १० | वन पैदावार तथा वन्यजन्तु | ० | ३ | ० | ३ |
| ११ | केही सार्वजानिक अपराध | ० | ० | ० | ० |
| १२ | राजश्व अपराध | ० | २ | ० | २ |
| १३ | ज.ज. उद्योग | ० | ० | ० | ० |

| क्र.सं. | मुद्दा शीर्षक | कारागारमा रहेका थुनुवाको विवरण | | | कुल जम्मा |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | तेस्रो लिंङ्गी | |
| १४ | कुटपिट | ० | ० | ० | ० |
| १५ | हातहतियार खरखजना | ० | ६ | ० | ६ |
| १६ | मानव वेचविखन | ० | २ | ० | २ |
| १७ | सहकारी रकम हिनामिना | ० | १ | ० | १ |
| १८ | बहुविवाह | ० | २ | ० | २ |
| १९ | आत्महत्या दुरुत्साहन | ० | १ | ० | १ |
| २० | सरकारी छाप किर्ते | ० | १ | ० | १ |
| | **जम्मा** | **०** | **११३** | **०** | **११३** |
| जिल्लाः दाङ (तुल्सीपुर) | | | | | |
| १ | कर्तव्य ज्यान | २ | २ | ० | ४ |
| २ | लागु औषध | ४ | १ | ० | ५ |
| ३ | जवरजस्ती करणी | ० | १ | ० | १ |
| ४ | जिउ मास्ने बेच्ने | १ | १ | ० | २ |
| ५ | ज्यान मार्ने उद्योग | ० | १ | ० | १ |
| ६ | ठगी | १ | ० | ० | १ |
| | **जम्मा** | **८** | **६** | **०** | **१४** |
| जिल्लाः बर्दिया | | | | | |
| १ | कर्तव्य ज्यान | १ | ८ | ० | ९ |
| २ | लागु औषध | ० | १० | ० | १० |
| ३ | जिउ मास्ने बेच्ने | ० | २ | ० | २ |
| ४ | जजक | ० | १८ | ० | १८ |
| ५ | बमविष्पोट | ० | १ | ० | १ |
| ६ | चोरी | ० | ४ | ० | ४ |
| ७ | ज्यान मार्ने उद्योग | ० | २ | ० | २ |
| ८ | हातहतियार खरखजना | ० | १ | ० | १ |
| ९ | ठगी | ० | ६ | ० | ६ |
| १० | चोरी सिकारी | ० | १ | ० | १ |
| ११ | सवारी ज्यान | ० | ३ | ० | ३ |
| १२ | खुन डाँका | ० | ३ | ० | ३ |

| क्र.सं. | मुद्दा शीर्षक | कारागारमा रहेका थुनुवाको विवरण | | | कुल जम्मा |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | तेस्रो लिङ्गी | |
| १३ | बहुविवाह | १ | १ | ० | २ |
| १४ | अपहरण गरी जजक | ० | १ | ० | १ |
| | जम्मा | २ | ६१ | ० | ६३ |
| जिल्लाः नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | | | | | |
| १ | कर्तव्य ज्यान | ६ | १८ | ० | २४ |
| २ | लागु औषध | ५ | २९ | ० | ३४ |
| ३ | जबरजस्ती करणी | ० | १२ | ० | १२ |
| ४ | जवरजस्ती करणी उद्योग | ० | १ | ० | १ |
| ५ | मानव वेचविखन | ६ | ५ | ० | ११ |
| ६ | चोरी | ० | ३ | ० | ३ |
| ७ | अपहरण उद्योग | ० | २ | ० | २ |
| ८ | सवारी ज्यान तथा अंगभंग | ० | ३ | ० | ३ |
| ९ | बैंकिङ कसुर | २ | १ | ० | ३ |
| १० | ज्यान मार्ने उद्योग | ० | १ | ० | १ |
| ११ | बहुविवाह | ० | ३ | ० | ३ |
| १२ | अपहरण तथा शरिर बन्धक | ० | ३ | ० | ३ |
| १३ | गौवध | ० | ४ | ० | ४ |
| १४ | विना इजाजत बन पैदवार हानी नोक्सानी | २ | १ | ० | ३ |
| १५ | कुटपिट | १ | ० | ० | १ |
| १६ | अबैध तरिकाले बाघको छाला ओसार पसार | १ | ० | ० | १ |
| १७ | किर्ते ठगी संगठित अपराध | ० | ६ | ० | ६ |
| १८ | आगो लगाइ संगठित अपराध | ० | ४ | ० | ४ |
| १९ | विविध | ० | १ | ० | १ |
| | जम्मा | २३ | ९७ | ० | १२० |
| जिल्लाः गुल्मी | | | | | |
| १ | जवरजस्ती करणी | १ | १२ | ० | १३ |
| २ | बहुविवाह | ० | १ | ० | १ |
| ३ | चोरी | ० | १ | ० | १ |

| क्र.सं. | मुद्दा शीर्षक | कारागारमा रहेका थुनुवाको विवरण | | | कुल जम्मा |
|---|---|---|---|---|---|
| | | महिला | पूरुष | तेस्रो लिंङ्गी | |
| ४ | जजक र आ.दु. | ० | १ | ० | १ |
| ५ | आत्महत्या दुरुत्साहन | ० | १ | ० | १ |
| | जम्मा | १ | १६ | ० | १७ |
| जिल्लाः कपिलबस्तु | | | | | |
| १ | कर्तव्य ज्यान | ० | १७ | ० | १७ |
| २ | लागु औषध | ० | २६ | ० | २६ |
| ३ | जिउ मास्ने बेच्ने | १ | ० | ० | १ |
| ४ | जजक | ० | २७ | ० | २७ |
| ५ | चोरी | ० | ४ | ० | ४ |
| ६ | ज्यान मार्ने उद्योग | ० | १ | ० | १ |
| ७ | हातहतियार खरखजना | ० | ५ | ० | ५ |
| ८ | ठगी | ० | ३ | ० | ३ |
| ९ | सवारी ज्यान | ० | ४ | ० | ४ |
| १० | किर्ते बहुविवाह | १ | ० | ० | १ |
| ११ | अपहरण | ० | २ | ० | २ |
| १३ | सार्वजानिक राजस्व चुहावट | ० | ४ | ० | ४ |
| | जम्मा | २ | ९३ | ० | ९५ |
| जिल्लाः बाँके | | | | | |
| १ | कर्तव्य ज्यान | ५ | ३६ | ० | ४१ |
| २ | मानव वेचविखन | ९ | १४ | ० | २३ |
| ३ | लागु औषध | ९ | १५२ | ० | १६१ |
| ४ | जवरजस्ती करणी | ० | ३९ | ० | ३९ |
| ५ | डाँका चोरी | ० | ७ | ० | ७ |
| ६ | हातहतियार खरखजना | ० | ६ | ० | ६ |
| ७ | वन सम्बन्धी | ० | १४ | ० | १४ |
| ८ | ज्यान मार्ने उद्योग | ० | १० | ० | १० |
| ९ | केही सार्वजानिक अपराध | ० | १४ | ० | १४ |
| १० | भ्रष्टाचार ठगी किर्ते | ० | ५ | ० | ५ |
| ११ | गौवध | ० | २ | ० | २ |

| क्र.सं. | मुद्दा शीर्षक | कारागारमा रहेका थुनुवाको विवरण | | | कुल जम्मा |
|---|---|---|---|---|---|
| | | महिला | पूरुष | तेस्रो लिंङ्गी | |
| १२ | अपहरण तथा शरिर बन्धक | १ | ६ | ० | ७ |
| १३ | भन्सार चोरी | ० | १ | ० | १ |
| १४ | विविध | ६ | ५० | ० | ५६ |
| | **जम्मा** | ३० | ३५६ | ० | ३८६ |
| जिल्लाः रोल्पा | | | | | |
| १ | कर्तव्य ज्यान | ० | ३ | ० | ३ |
| २ | जवरजस्ती करणी | ० | ३ | ० | ३ |
| ३ | लागु औषध | ० | ३ | ० | ३ |
| ४ | सवारी ज्यान | ० | १ | ० | १ |
| ५ | ज्यान सम्बन्धी कसुर | ० | ४ | ० | ४ |
| ६ | विष्फोटक पदार्थ | ० | ३ | ० | ३ |
| ७ | सार्वजानिक शान्ति बिरुद्धको कसुर | ० | १ | ० | १ |
| ८ | संगठित अपराध | ० | २ | ० | २ |
| | **जम्मा** | ० | २० | ० | २० |



मुख्य न्यायाधिवक्ता नियुक्तीपछि मा. प्रदेश प्रमुखको
बधाइ ग्रहण गर्दै ठाकुर प्रसाद डि.सी.



मुख्य न्यायाधिवक्ता नियुक्तीपछि मा. मुख्यमन्त्री र मा. मुख्य न्यायाधिसको
बधाइ ग्रहण गर्दै ठाकुर प्रसाद डि.सी.


मुख्य न्यायाधिवक्ताको कार्यालय
प्रदेश नं. ५, बुटवल
NO PARKING